सुनकोशी गाँउपालिका

# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिका, रामटार सिन्धुलीद्वारा प्रकाशित

खण्ड २, संख्या ६

आषाढ १७ गते २०७५ साल

## भाग १

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार बमोजिम सुनकोशी गाउँपालिकाद्धारा बनाईएको ऐन, ऐनको १०२ (३) बमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

# सुनकोशी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५

**प्रतावना :**

स्थानीय वासिन्दाहरुको आधारभुत स्वास्थ्य र सरसफाई सेवा प्रधान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रहि आएको सो को व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, “नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यन्वयन गर्न” तथा “स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम सुनकोशी गाउँसभाले यो ऐन तर्जुमा गरी लागु गरेको छ ।

गाउँ सभाबाट स्विकृत मिति : २०७५/०३/१५

प्रमाणीकरण मिति : २०७५/०३/१७

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनलाई सुनकोशी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ भनिने छ।

(ख) गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन"भन्नाले सुनकोशी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७५ लाई सम्झनु पर्छ।

(ख) "संघिय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघिय संसदले बनाएको ऐन बुझ्नु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक सामित्वमा संचालन भएका स्वास्थ्य संस्था लाई सम्झनु पर्छ।

(ङ) "निजि" भन्नाले सेवाको संगसंगै नाफाको समेत उदेश्य राखि संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्छ।

(च) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्था लाई सम्झनु पर्छ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ज) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार गाउँपालिका गंठित स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिलाई सम्झनु पर्छ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्छ।

## परिच्छेद – २
## आधारभुत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभुत स्वास्थ्य सेवा प्रदायकहरु** : स्थानीय स्तरमा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन।

(क) **सरकारी वा सामुदायिक** : सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आायुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आायुर्वेद केन्दहरु सरकारी वा सामुदायिक सेवा प्रदायक निकायहरु हुनेछन।

(ख) **निजि** : निजि क्षेत्रद्धारा सञ्चालित अस्पताल, नसिङ्ग होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजि स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन ।

(ग) **ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ** : ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने अस्पताल, वास्थ्य केन्द्र, घुम्ति क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. **स्वास्थ्य सेवा प्रदायकह संस्थाहरुको परिभाषा र मापदण्ड** : स्वास्थ्य सेवा प्रदायकह संस्थाहरुको परिभाषा र आधारभुत मापदण्ड संघिय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार** :

१. स्थानीय गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुनेछ ।

| | | |
|---|---|---|
| (क) | सम्बन्धीत गाउँपालिकाको अध्यक्ष | -अध्यक्ष |
| (ख) | स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना | -सदस्य |
| (ग) | स्वास्थ्य शाखा हेर्ने कार्यपालिका सदस्य | -सदस्य |
| (घ) | आमा समूह र स्वास्थ्य स्वयंसेविका संजालमध्येबाट कायपालिकाले तोकेको १ जना | -सदस्य |
| (ङ) | स्वास्थ्य सेवा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कायपालिकाले तोकेको १ जना | -सदस्य |
| (च) | गाउँपालिकाले तोकेको १ जना | -सदस्य |
| (छ) | स्वास्थ्य तथा सरसफाइ शाखा प्रमुख | -सदस्य सचिव |

२. स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) स्वास्थ्य सेवा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग गराउने,

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने,

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सुची अद्यावधिक तथा प्रकाशन गर्ने,

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने,

(ज) गाउँकार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने,

(झ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने,

६. **स्वास्थ्य संस्था व्यवस्थापन समिति गंठन, काम, कर्तव्य र अधिकार :**

१. सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी (स्वास्थ्य संस्था व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिने छ।

(क) सम्बन्धीत वडा अध्यक्ष -अध्यक्ष

(ख) स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये वडा समितिबाट मनोनित महिला १ जना -सदस्य

(ग) सम्बन्धीत वडाको वडा सचिव -सदस्य

(घ) महिला स्वास्थ्य स्वयंसेविका १ जना -सदस्य

(ङ) सम्बन्धीत स्वास्थ्य संस्थाको प्रमुख -सदस्य

२. स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तव्य निम्न अनुसार हुनेछन्।

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धीत वडा समिति मार्फत गाउँ पालिकामा पेश गर्ने,

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने,

(ग) वार्षिक समिक्षा, सामाजिक परिक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने,

(घ) सम्बन्धीत स्वास्थ्य संस्थाको कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने,

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धीत निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने,

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने,

७. **बैंङ्क खाता सञ्चालन** : हरेक स्वास्थ्य संस्थाले बैंङ्क खाता खोल्न सक्ने छ।

१. स्वास्थ्य संस्थाको बैंङ्क खाता व्यवस्थापन समितिका अध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट संचालन हुने छ।

२. उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखापरीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद : २
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

८. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड :**

१. अस्पताल : गाउँपालिका आफ्ूले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ।

२. स्वास्थ्य चौकी : गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तीमा देहायका पूवाधार पुरा गरी स्वास्थ्य चौकी सञ्चालन गर्नु पर्ने छ।

(क) जनशक्ति : स्वास्थ्य सहायक (हेल्थ असिसस्टेण्ट) १ जना, अहेव २ जना, अनमी २ जना, आवश्यकता अनुसार सहायक कर्मचारीहरु,

(ख) भवन कोठा : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, गर्भवती जाँचबुझ कक्ष, डट्स औषधी वितरण कक्ष जस्ता सुविधा सहितको भवन,

(ग) उपकरण : प्राथमिक उपचारका आधारभुत उपकरण ( नेपाल सरकार स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसार),

३. गाउँपालिका क्षेत्र भित्र जडिबुटि, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममुलक र वैकल्पिक चिकित्सा सेवाको प्रबर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसंगको साझेदारीमा वा गाउँपालिका आफ्ूले कम्तीमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नु पर्नेछ।

९. **निजि क्षेत्रको अस्पताल गर्न सक्ने :**

१. गाउँपालिका क्षेत्र भित्र निजि क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्धारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैया सम्मको सञ्चालन अनुमती गाउँपालिकाले दिन सक्नेछ।

२. उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतीका लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

३. स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न गाउँपालिकालाई सिफारिस गर्नेछ।

४. उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले १ वर्ष समय भित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ।

५. तोकिएको समयसिमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिको लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ।

६. उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमती प्रदान गर्न सक्नेछ।

७. आशय पत्रमा उल्लेख गरिएको समयसिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गर्न सकिने छैन।

१०. **अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड** :गाउँपालिकाको स्वीकृतिमा सञ्चालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नु पर्नेछ।

१. जनशक्ति : कम्तीमा २ जना एम.वि.वि.एस. डाक्टर , कम्तीमा ४ जना स्टाफ नर्स, कम्तीमा १ जना ल्याव टेक्निसियन र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकमी,

२. भवन तथा कोठा : दर्ता चलानी, बहिरंग सेवा, इमरजेन्सी कक्ष, प्रयोगशाला भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ्ग कक्ष, प्रशासन कक्ष, पार्किङ्ग आदि,

३. उपकरण र पूर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने वेड र लाईफ सपोर्ट सिस्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्सावन्य फोहोर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने,

११. **पोलिक्लिनिक संचालनको अनुमति** :

१. गाउँपालिकाले आफ्नो कार्य क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ। २. नेपाल सरकार स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसार।

१२. **प्रयोगशाला वा ल्यावोरेटोरी संचालन :** व्यक्ति वा संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

१. संचालकको विवरण र नागरिकत्ताको प्रमाणा पत्र,

२. प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्ने स्थान, घरधनी र संचालकवीचको घरभाडा सम्बन्धी सम्झौता पत्र,

३. रेडियोलाजी वा प्याथोलोजी विषयमा न्युनतम ३ वर्ष अध्यन गरेको व्यक्तिको प्रमाण पत्र र काम गर्न ईच्छुक भएको पत्र,

४. ल्याव उपलब्ध हुने परीक्षणको प्रकार,

५. ल्यावमा प्रयोग हुने न्युनतम उपकरणहरुको विवरण,

६. प्रस्तावित लागत,

१३. **फार्मेसी संचालनको अनुमती :**

१. गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ,

२. आधारभुत फार्मेसी शिक्षा प्राप्त व्यक्ति संचालक रहने गरी फार्मेसी संचालन गर्ने स्थान, वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्नेछ ।

३. फार्मेसी संचालनमा रहने मुख्य संचालक र सहकार्य कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको बसोबास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यलयको सिफारिस तथा आवेदन पेश गर्नु पर्ने ।

४. प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमति दिन सक्नेछ ।

१४. **मापदण्ड पुरा नगरेमा सजाय हुने :**

१. स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमा समिति गई सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृति खारेजिको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

२. प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिसा पिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाईएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, संचालकलाई कालोसूचिमा राखी सोको आम जनतालाई जानकारी दिइने ।

३. फार्मेसीको हकमा दर्तावाला संचालाक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाईएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

१५. **सहूलियत र छुटको व्यवस्था गर्नु पर्ने** : निजि लगानी र ट्रष्ट मार्फत संचालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणको क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिसत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ।

## परिच्छेद–३
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयमसेवक सम्बन्धी व्यवस्था

१६. **स्वास्थ्यकर्मीको व्यवस्थापन** : गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् ।

१. स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु,

२. करार : स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु,

३. अभ्यासकर्ता : स्थानीयस्तरमा खुलेका स्वास्थ्य अध्यन संस्थानमा अध्यनरत विद्यार्थीहरु एंव गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृतिमा अनेत्र गई स्वास्थ्य शिक्षा अुध्यन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्नेछ।

४. स्वास्थ्य अभियानकर्ता र स्वयंमसेविका,

१७. **अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था** : स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंमसेविकाहरु नियूक्त गर्न सक्नेछ।

१. महिला स्वास्थ्य स्वयंमसेविका र पुरुष स्वास्थ्य अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको शैक्षिक योग्यता न्यनतम १० कक्षा अध्यन गरेको सम्बन्धीत वडाको विवाहित नागरिक हुनुपर्नेछ।

२. एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंमसेविका र १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्न सक्नेछ।

३. प्रत्येक स्वयंमसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्बन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। र गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखिकरण प्रदान गर्नेछ।

४. यसभन्दा पहिले देखिनै कार्यरत महिला स्वास्थ्य स्वयंमसेविकाहरु मध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी विदाई गरिने छ। र नियूक्ति गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियूक्ति दिइने छ।

१८. **स्वास्थ्यकर्मीको सेवा सुविधा :**

१. स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल बमोजिम तलव र स्थानीय गाउँपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा,

२. करार स्वास्थ्यकर्मी : प्रचलित तलव स्केल र दुई पक्षविचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

३. अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्बन्धीत तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिनेछ ।

४. अभियानकर्ता/स्वयंमसेविका : पोशाक, वार्षिकरुपमा संचार खर्च, स्वास्थ्य संस्थाले आवश्यक परेको बखत काममा खटाईएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

५. यस गाउँपालिकाले महिला स्वास्थ्य स्वयंसेविकाहरुको प्रोत्साहन भत्ता रु.१,०००।- प्रत्येक आ.व. मा क्रमस थपिदै जानेछ । (अधिकतम ५ वर्ष सम्मको लागि )

६. स्थानीय स्वास्थ्य संस्थामा सुरक्षित प्रसुतीको हकमा ०-३ घण्टा सम्मको पैदल दुरीको सुत्केरी प्रोत्साहन भत्ता रु.१,०००।-, ३-६ सम्मको पैदल दुरीको सुत्केरी प्रोत्साहन भत्ता रु.१,५००।-, साथै ६ देखि माथिको दुरीको हकमा रु.२,०००।- सुत्केरी प्रोत्साहन भत्ता पाईनेछ । एम्वुलेन्स वा अन्य कुनै गाडी प्रयोग गरी स्थानीय स्वास्थ्य संस्थामा प्रसुती हुन आएमा नेपाल सरकार स्वास्थ्य सेवा मन्त्रालयले तोकेबमोजिमको ऐन अनुसार सेवा सुविधा पाईने छ ।

१९. **स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति** : सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी गाउँकार्यपालिकाले निर्धारण गर्नेछ ।

१. दरबन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भइ आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियूक्ति गर्न सक्नेछ ।

२. स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरबन्दी पदमा करार नियूक्ति गर्न पर्ने भएमा करार नियूक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनोट समितिबाट हुनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको अध्यक्ष | -संयोजक |
| (ख) | गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| (ग) | गाउँपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य | -सदस्य |
| (घ) | गाउँपालिकाले तोकेको १ जना | -सदस्य |
| (ङ) | गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | -सदस्य सचिव |

२०. **कर्मचारी सरुवा :**

१. विशेष परिस्थिति बाहेक न्यनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्य गरे पछि मात्र सरुवा हुनेछ ।

२. विशेष अवस्थामा बाहेक न्यनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायि कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

३. विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नि संगै रहि सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

२१. **कार्यसम्पादन करार सम्झौता गर्नु पर्ने :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको पकृया अवलम्वन गर्नु पर्नेछ ।

१. गाउँपालिका अध्यक्षको रोवरमा प्रमुख प्रशासकिय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसंग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुख संग र प्रमुखले अन्य कर्मचारीहरुसंग कार्यसम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

२. कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मुल्याङ्कन प्रमुख प्रशासकिय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

३. वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार गरी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२२. **कार्यसम्पादन मुल्यात्कन र सजाय तथा पुरस्कार :**

१. कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मुल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

२. कार्यसम्पादन सम्झौताको मुल्याङ्कन, पुरस्कार र सजाय गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परीच्छेद – ४
## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारन र वितरण सम्बन्धी व्यवस्था

२३. **वार्षिक खरिद योजना बनाउनु पर्ने :**

१. आफ्नो क्षेत्र भित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरण अनुदान खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

२. वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ।

२४. **औषधी तथा स्वास्थ्य उपकरण खरिद :**

१. आषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रकृया अघि बढाउनेछ।

२. आषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानूनहरुको प्रावाधान अनुसार गर्नु पर्नेछ।

२५. **औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**

१. खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य शाखा तथा सरसफाई शाखाले मिलाउनेछ ।

२. स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नु पर्नेछ। खरिदको परिमाण निर्धारण सम्बन्धीत वडा समितिले माग गरे बमोजिम २० प्रतिशतमा नबढाईकन गर्नु पर्नेछ।

३. गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मुल्य खरिद मितिको एक हप्ता भित्र सार्वजनिक गर्नु पर्नेछ।

४. सम्बन्धीत सामुदायिक स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धीत वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ।

## परिच्छेद – ५

## स्वास्थ्य सेवाको न्युनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्वन्धी व्यवस्था :

२६. **स्वास्थ्य सेवाको न्युनतम मूल्य र गुणस्तर तोक्न सक्ने :**

१. गाउँपालिकाले स्थानीय स्तरमा संचालित चिकित्साकिय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

२७. **सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन :**

१. गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य विमा कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

२. आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी संचालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

२८. **सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन :**

१. स्वस्थ खानेपानी र खाद्यपदार्थको गणस्तर एंव वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउनेछ ।

२. प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सक्नेछ ।

३. सिफारिस बमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद –६

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

२९. **रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने :**

१. स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंमसेविकालाई टिपोट गराउनु पर्नेछ ।

२. कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंमसेविकालाई टिपोट गराउनु पर्नेछ ।

३. टिपोट गराईएका रागीहरुको विवरण सम्बन्धीत स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

३०. **महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नु पर्ने :**

१. स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभााव क्षेत्र निक्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा खाली गर्न वा अन्यन्त्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबनध समेत लगाउन सक्नेछ।

२. यस्तो परिस्थितिमा महामारी बाट थप क्षति हुन नदिन आवश्यक सर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघिय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नु पर्नेछ।

३१. **सुर्ति, मदिरा तथा सुर्तिजन्य पदार्थको नियमन :**

१. सुर्ति तथा मदिराजन्य पदार्थको विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ।

२. खाद्यपदार्थ विक्री गर्ने पसलमा सुर्ति तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न बन्देज लगाईनेछ।

३. सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्लाक्षेत्रहरु तोक्न सक्नेछ। विद्यालय, सरकारी कार्यलय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ।

४. खाद्य पदार्थ संगै सुर्ति तथा मदिराजन्य पदार्थ विक्री वितरण गरेमा, निषेधीत क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ।

३२. **सरसफाई सम्बन्धी कार्यक्रम तथा फोहोरमैला व्यवस्थापन :**

१. गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउन पर्नेछ।

२. त्यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वास्थ्य स्वयंमसेविकाहरु परिचालन गरी सबै घरपरिवारसम्म वितरण गर्नेछ।

३. घर निर्माण गर्दा सौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हनुपर्नेछ।

४. एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ।

५. शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहोरमैला पुनः प्रयोग गरी कम्पोष्ट मल बनाईएको अवस्थामा गाउँकार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ।

## परिच्छेद -७
## विविध

३३. **प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल संचालनका लागि सिफारिसः**

१. राष्ट्रिय र प्रार्देशिक मापदण्ड अनुरुप निजिस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि सम्बन्धीत वडा र गाउँपालिकाबाट सिफारिस लिनु पर्नेछ।

२. उपदफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकरात्मक प्रभावहरुको न्युनिकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ।

३. सिफारिसका लागि आर्थिक ऐनले तोके बमोजिमको राजस्व दस्तुर बुझाउनु पर्नेछ।

३४. **राष्ट्रिय तथा प्रार्देशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :**
स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघिय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ।

३५. आमासमूह, धामीझाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनिहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ।

३६. गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ।

३७. गाउँपालिकाले आधारभुत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नको लागि अन्य सरकारी निकाय, निजि व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसंग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्नेछ र तिनिहरुबाट औषधी, उपकरण, विशेषज्ञ सिपहरुको सहायता प्राप्त गर्न सक्नेछ।

३८. **पुनरावेदन** : तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

३९. **नियम बनाउने अधिकार :**

१. यस ऐनको उदेश्य कार्यन्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

२. यस ऐनको कार्यन्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

४०. **संक्रमणकालीन व्यवस्था :** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउदा सम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

४१. **बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको उदेश्य कार्यन्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर त्यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ।

४२. **बचाउ र लागू नहुने :**

१. यो ऐन वा ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

२. यस ऐनको दफा तथा उपदफाहरु संविधानसंग बाझिएमा बाझिएको हदसम्म स्वत : निष्कृय हुनेछ।

**आज्ञाले,**
**विकास सुन्दास**
**प्रमुख प्रशासकिय अधिकृत**

**सुनकोशी गाउँपालिका, रामटार सिन्धुलीद्वारा मुद्रित**

**मुल्यः रु १०/-**